# सुपारी उत्पादनमा देखिएका समस्या र समाधानका उपायहरू

सुपारी एक औषधीय गुण भएको पोथ्रा बर्गमा पर्ने बनस्पति हो।प्राचीन वेदकालपूर्वको समयदेखि नै सुपारीको प्रयोग हुँदै आइरहेको पाउन सकिन्छ। संस्कृत भाषामा ताम्बुल भनेर चिनिने सुपारीको उल्लेख रामायण, महाभारत, वेद पुराण जस्ता प्राचिन ग्रन्थमा भएको पाइन्छ।सुपारीलाई विभिन्न कार्यमा प्रयोग गरिन्छ।हिन्दु धर्ममा सिङ्गो सुपारीलाई गणेश देवताको रूपमा पुजा आराधना गरिन्छ।हिन्दु परम्परामा जन्मे देखि मृत्यु सम्मका संस्कारमा सुपारी अनिवार्य फलका रूपमा रहेको छ । बौद्ध धर्ममा समेत सुपारीको महत्वलाई दर्शाइएको पाइन्छ।थाइलैण्ड, इन्डोनेसियामा भेटिएको पुरातात्विक प्रमाणबाट ४००० वर्ष भन्दा अघि देखि सुपारी प्रयोग हुँदै आएको र ४ हजार वर्ष अघि निर्माण गर्रिएको प्राचिनतम अजन्ता गुफामा सुपारीको बोटको चित्र अंकित हुनुले समेत यसको महत्व र प्रयोगलाई दर्शाएको छ।भारत वर्षमा वैदिक काल र हडप्पा संस्कृतिमा समेत राजा महाराजाहरूले खाना पछि सुपारी मिश्रित केही खाने (चपाउने) कुरा खाने गरेको पाइन्छ।सुपारी प्रमुख रूपमा एसियाका उष्ण तटिय क्षेत्रहरूमा पाइन्छ।म्यानमार, फिलिपीन्स, इन्डोनेसिया, थाइलैण्ड, कम्वोडिया, भियतनाम, लाओस, बुरनाई, पपुवा न्युगिनी, सोलोमन द्धिप, सिंगापुर, मलेसिया, भारत, भुटान, श्रीलंका चीनका दक्षिणी भाग, नेपाल प्रमुख उत्पादक मुलुक हुन भने पुर्वी अफ्रिकामा समेत यसको खेती रहेको पाउन सकिन्छ। दक्षिण पुर्वी एसियालाई उपनिवेश बनाएका र त्यहाँ आएका डच र पोर्चुगीज आर्मीहरूले युरोप समेत पुर्याएको इतिहास छ ।

नेपालमा सुपारी खेतीको प्रचुर सम्भावना भए पनि विभिन्न कारणहरूबाट सुपारी खेती वृद्धि हुन सकिरहेको छैन। यसको उत्पादनमा सरकारीतह बाट पनि प्राथमिकता दिनुपर्छ भनी विभिन्न कार्यक्रमहरू संचालन भई रहेकोमा सोचेजति यसको उत्पादन वृद्धि र प्रवर्द्धन हुन नसकोमा कृषक, कृषि उद्यमिहरूका वास्तविक समस्याहरू पहिचान गरी समस्या समाधानका उपायको बारेमा छलफल गरियो।

**सुपारी खेतीका मुख्य मुख्य समस्याहरू**

- सुपारी उत्पादन गर्दा समस्याको रूपमा देखिएका मूख्य मूख्य रोगहरू
- गुबो कुहिने
- पुष्पगुच्छा कुहिने रोग
- बोट सुक्ने रोग
- पातमा दाग हुने रोग
- फेद कुहिने, गुबो नखुल्ने, दाना चर्कने

- काण्ड चर्कने, फुट्ने रोग

- सुपारी उत्पादन गर्दा समस्याको रूपमा देखिएका मूख्य मूख्य किराहरू
- फुल छेड्ने किरा
- काण्ड छेड्ने घुन
- फल छेड्ने किरा
- धमिरा

- पर्याप्त सिचाईको व्यवस्था नहुनु,
- प्रशोधन उद्योग नहुनु,
- सुपारी खेती प्रवर्द्धनका लागि आवश्यक यान्त्रिकरणको अभाव हुनु,
- उत्पादन सामाग्रीको सहज आपूर्ति नहुनु,
- सुपारी बाली प्रवर्द्धनमा प्राविधिक जनशक्ति सहजरूपमा उपलब्ध हुन नसक्नु,
- बाली लगाएको लामो समयसम्म उत्पादनका लागि पर्खनुपर्ने भएकोले कृषकहरू सुपारी खेती प्रति आकर्षित नहुनु,
- उत्पादित सुपारीको गुणस्तर परीक्षणको उचित व्यवस्था नहुनु,
- भारतसँगको खुला सीमाका कारण आयात निर्यातको एकिन तथ्याङ्क नहुदा योजना निर्माणमै समस्या हुनु,
- सुपारी खेती सम्वन्धी अध्ययन अनुसन्धानको कमी हुनु ।

**सुपारी खेतीमा देखिएका समस्या समाधानका उपायहरू**

- बालीमा रोग र कीराहरूको समस्या पहिचान र समाधानका लागि दक्ष प्राविधिक तयार गर्ने,
- सुपारी खेतीको विकास र विस्तारका लागि अध्ययन र अनुसन्धान हुनुपर्ने,
- सुपारी खेतीमा संलग्न किसान तथा उद्यमीहरूको क्षमता अभिवृद्धिका लागि तालिम, भ्रमण, गोष्ठी, अन्तरक्रिया छलफल गर्नुपर्ने,
- सुपारी खेती उत्पादनका लागि आवश्यक पर्ने उत्पादन सामाग्रीहरू (मल, बिउ, बिरूवा, विषादी, यन्त्र उपकरण आदि) सरल र सहज रूपमा उपलब्ध गराउने,
- सिचाईको उचित व्यवस्था गर्नुपर्ने,
- किसानलाई सरल एवम सहज ऋणको व्यवस्था गरी प्रोत्साहनका लागि पुरस्कारको समेत व्यवस्था गर्ने,
- सुपारी खेतीको सम्भाव्यता अध्ययन गरी विकास र विस्तार गर्नुपर्ने,

- सुपारी खेतीका लागि आवश्यक पर्ने पूर्वाधार ( ग्रीन हाउस, भण्डारण गृह आदि ) तयार गर्नुपर्ने,
- सहकारी तथा नीजि क्षेत्रबाट एकिकृत बजार व्यवस्थापन गरी निर्यात प्रवर्द्धन गर्ने,
- भारत, बंगलादेश र अन्य मुलुक निर्यातका लागि नीति र सहज भन्सारको व्यवस्था गर्ने,
- प्रशोधन उद्योग स्थापना गर्ने,
- खुला सिमाना बाट हुने निकासी तथा पैठारीलाई कार्यलाई पूर्ण रोक लगाउने ।